कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत पत्र प्राप्त संस्था)

**CORPORATE OFFICE**
Tangal, Kathmandu
**Phone:** +977-01-4443077/4443079
**Email:** info@kumaribank.com
**Website:** www.kumaribank.com
SWIFT: KMBLNPKA

प.लि.द.नं.:- ७२३/०५६/०५७

च.नं.:केबिएल/क.स./१४/०७८/७९

मिति : २०७८/०६/३१

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।

श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरवेक्षण विभाग, दरवारमार्ग, काठमाण्डौं ।

श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर, नेपाल ।

श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंह दरबार प्लाजा, काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।

विषय : **एकाईसौं बार्षिक साधारण सभा गर्ने जानकारी सम्बन्धमा ।**

महोदय,

यस कुमारी बैंक लि.को संचालक समितिको मिति २०७८/०६/२५ मा बसेका वैठक (संख्या ११-०७८/०७९ औं) को निर्णयानुसार यस बैंकको एकाईसौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा संलग्न सूचनामा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७८ साल कार्तिक महिना १६ गते मंगलवार (तदनुसार ०२ नोवेम्वर २०२१)
स्थान : कुमारी बैंक लिमिटेड, नक्साल कार्यालय (प्रहरी प्रधान कार्यालय पेट्रोल पम्प अगाडि) काठमाण्डौं ।
समय : विहान ११:३० बजे ।

**भवदिय**

KUMARI BANK LTD. CORPORATE OFFICE

.................................
**भोला नाथ ढुंगाना**
**कम्पनी सचिव**

## कुमारी बैंक लिमिटेडको
## एक्काईसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०६/२६

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७८/०६/२५ गते बसेको यस बैंकको सञ्चालक समितिको बैठक संख्या ११-०७८/०७९ को निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गरी पारित गर्नका लागि यस बैंकको एक्काईसौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७८ साल कार्तिक महिना १६ गते मंगलवार (तद्नुसार ०२ नोवेम्वर २०२१)
स्थान : कुमारी बैंक लिमिटेड, नक्साल कार्यालय (प्रहरी प्रधान कार्यालय पेट्रोल पम्प अगाडि) काठमाण्डौं।
समय : विहान ११:३० बजे।

(कोभिड-१९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाईन (भर्च्युअल) (Zoom) मार्फत सहभागि हुन सक्ने गरी शेयरधनी महानुभावहरुलाई Meeting ID र Password उपलब्ध गराउने व्यवस्था गरिएको छ।)

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्ताव**

१. एक्काईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व.२०७७/०७८ को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने।
३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने वारे।
४. आ.व.२०७८/०७९ को लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने।
५. संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको २.६७%(दुई दशमलव छ सात प्रतिशत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने।

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम यस बैंकको आ.ब.२०७७/७८ को वितरण योग्यमुनाफाबाट यस बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीको ६%(छ प्रतिशत) वोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गर्ने।
२. बैंकको आ.ब.२०७७/७८ को मुनाफाबाट शेयरधनीहरुलाई वोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सो हदसम्म यस बैंकको जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने।
३. बैंकको पुंजी बृद्धिको क्रममा तथा प्रवन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

KUMARI BANK LTD. CORPORATE OFFICE

४. बैंकले आ.व.२०७७/०७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

५. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति(एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जरु समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग. विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारीः**

१. यस एक्काईसौं वार्षिक साधारण सभा तथा बोनश शेयर तथा नगद लाभांश प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका मिति २०७८/०७/०८ गते एक दिन बन्द रहनेछ । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७८/०७/०८ भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोवार भएको शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

२. विश्वव्यापि रुपमा फैलिएको कोरनाभाईरस (कोभिड-१९) को महामारी रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको सम्मान एव परिपालना गर्दै अनलाईन (भर्च्युअल) (Zoom) माध्यमबाट सभामा सहभागि हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न सक्ने व्यवस्था समेत मिलाईएको हुँदा कोरानाभाईरस (कोभिड-१९) को संक्रमणबाट बच्न र बचाउन अनलाईन (भर्च्युअल) (Zoom) माध्यमबाट सभामा सहभागि भई दिनु हुन शेयरधनी महानुभावहरुमा विशेष अनुरोध छ ।

३. अनलाईन (भर्च्युअल) (Zoom) माध्यमबाट सभामा सहभागि हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न शेयरधनी महानुभावहरुले सभा हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको शेयर प्रमाणपत्र/डिम्याट खाता खोलिएको प्रमाणको स्क्यानकपि समावेश गरी ईमेल ठेगाना kumari.agm@kumaribank.com वा मोवाईल नं. ९८५११३५९१२ वा ९८५१०७८८८८ मा Viber वा ३२००१ मा AGM टाईप गरी SMS पठाउनु पर्नेछ । यसरी प्राप्त भएको ईमेल वा Viber वा SMS मार्फत अनलाईन (भर्च्युअल) (Zoom) माध्यमबाट सभामा सहभागि हुनको लागि Meeting ID र Password उपलब्ध गराईनेछ । सभामा आफ्नो राय मन्तव्य दिन चाहने शेयरधनीहरुले माथि उल्लेखित ईमेल मार्फत दिन सक्ने व्यवस्था मिलाईएको छ ।

४. सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्वन्धी निवेदन सभा शुरु हुनु भन्दा ७२ घण्टा पहिले अर्थात २०७८/०७/१४ गते विहान ११:३० बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, टंङ्गालमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति बैंकको शेयरधनी हुनु आवश्यक छ ।

५. प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सि स्वतः बदर हुनेछ ।

६. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सि) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सि) स्वतः बदर हुनेछ तर प्रतिनिधि (प्रोक्सि) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि स्वतः बदर भएको मानिनेछ ।

७. छलफलको विविध विषय अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनी महानुभावहरुले आफुले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनु भन्दा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, टंगालमा लिखित जानकारी दिनु

KUMARI BANK LTD. CORPORATE OFFICE

पर्नेछ । तर सो कुरा अध्यक्षको अनुमति भएमा मात्र छलफल गरिनेछ र पारित विषय अन्तर्गत समावेश गरिने छैन ।

८. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनीको लगतमा कायम रहेको सम्बन्धित ठेगानामा वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ ।

९. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । साधारण सभाको हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

१०. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो आधिकारिक परिचयपत्र सहित शेयरधनी नंबर वा अभौतिकीकरण गरिसकेको शेयरको हकमा BOID (हितग्राही परिचयनंबर) प्रस्तुत गर्नुहुन अनुरोध छ ।

११. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मतिबाट आफु मध्ये नियुक्त गरिएको एक जना शेयरधनीले वा सर्वसम्मतवाट नियुक्त प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

१२. नाबालक वा भिन्न शारीरिक क्षमताका शेयरधनीको तर्फवाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नु हुनेछ ।

१३. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फवाट सामुहिक रुपले उत्तर दिन सकिनेछ ।

**पुनश्चः**-साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक भएमा बैंकको वेभसाईट www.kumaribank.com मा वा कम्पनी सचिवको कार्यालय, टंगालमा सम्पर्क राख्न सक्नु हुनेछ ।

KUMARI BANK LTD.
CORPORATE OFFICE